# अमरगढी नगरपालिका कार्यालय

अमरगढी, डडेल्धुरा

पत्र सख्या :- योजना शाखा २०७३।७४
चलानी नम्बर :- १२४२

मिति :- २०७३।०९।२०

विषय :- शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना टाँस गरी दिने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा ।
श्री जिल्ला विकास समितिको कार्यालय, डडेल्धुरा ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, डडेल्धुरा ।
श्री निर्माण व्यवसायी संघ, डडेल्धुरा ।

प्रस्तुत विषयमा यस कार्यालयबाट प्रथम पटकका लागी मिति २०७३।०९।२० गते राजधानी दैनिकमा प्रकाशित शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना थान – १ (एक) यसै पत्र साथ संलग्न गरी पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाई सहयोग गरी दिन हुन अनुरोध छ ।

७३।९।२०

(मेख बहादुर मंग्राती )
कार्यकारी अधिकृत
कार्यकारी अधिकृत

अमरगढी नगरपालिका कार्यालय
डडेल्धुरा
शिलवन्दी वोलपत्र आह्वानको सूचना
(प्रथम पटक प्रकाशित मिति :- २०७३ / ९ /२० )

यस कार्यालयवाट आ.व. २०७३।०७४ मा निर्माण हुने तपसिलका कार्यहरु बोलपत्रका माध्यमबाट कार्यान्वयन गर्नुपर्ने भएकोले निम्न लिखित शर्तहरुको अधिनमा रही कार्य गर्न सिलबन्दी बोलपत्र आह्वान गरिएको हुदा अनुभबी तथा दक्ष ईजाजत प्राप्त निर्माण ब्यबसायी /आपुर्तिकर्ताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१) बोलपत्र सम्बन्धी कागजात यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र चालु आ.ब. का लागि नबिकरण भएको ठेक्का ईजाजतपत्र, आ.व.२०७२/७३ सम्मको कर चुक्ता प्रमाण पत्र र आयकरको स्थायी लेखा नम्बर ( PAN ) लिएको तथा मु.अ.कर दर्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखि निबेदन साथ तल उल्लेखित दस्तुर ( फिर्तानहुने) तिरी यस कार्यालय बाट खरिद गर्न सकिने छ ।

२) खरीद गरेको वोलपत्र फाराम बोपत्रदाता/आपुर्तिकताले खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० वजे सम्म सिलबन्दी गरी खाममा विवरण प्रष्ट खुलाई लाहाछाप लगाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा खोलिने छन् ।

३) बोलपत्रको जमानत वाफतको रकम यस कार्यालयको नामको रा.वा. वैंक डडेल्धुराको धरौटी हि.नं. ४१/१८ ग ३( ४०२०३०३००३०१८) मा नगद जम्मा गरेको सक्कल वैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र ( बिडबण्ड ) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४) बोलपत्रको मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० (नब्बे) दिनको हुनेछ ।

५) रीत नपुगेको वा ढिलोगरी प्राप्त भएको बोलपत्र उपर कारबाही हुने छैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउमा सहिछाप भएको हुनुपर्ने छ । साथै बोलपत्र फारामको प्रत्येक पानामा बोपत्रदाताको सहीछाप हुनुपर्ने छ ।

६) बोलपत्र मुल्य अभिबृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्ने छ ।

७) बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनमा हुने छ ।

८) बोलपत्रदाताले आफु वा आफ्नो प्रतिनिधि कुनै पनि खरिद सम्झौता गर्न प्रचलित कानुन बमोजिम अयोग्य नभएको कुरा लिखित रुपमा घोषणा गरेको कागजात पेश गर्नुपर्ने छ ।

९) बोलपत्र स्विकृत भै खरिद सम्झौता गर्न आउदा मु.अ. कर सहित नियमानुसार हुन आउने रकम यस कार्यालयको नाममा रा.वा. वैंक डडेल्धुराको धरौटी हि.नं. ४१/१८ ग ३(४०२०३०३००३०१८) मा नगद जम्मा गरेको सक्कल वैंक भौचर वा सो बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा त्रुटि सच्चाउने अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको परफरमेन्स वण्ड पेश गर्नुपर्ने छ ।

१०) नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने , आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११) एक कम्पनी फर्मको नामबाट खरीद गरेको बोलपत्र फाराम अर्को कम्पनी फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१२) तपसिलको कार्य २०७४ जेष्ठ मसान्त भित्र निर्माण सम्पन्न गरी सक्नुपर्नेछ ।

१३) स्वीकृत नभएका बोलपत्रदाताहरुको बिडवण्ड तथा धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फुकुवा गरिने छ ।

१४) ठे.नं.७/२०७३-०७४ सौर्य सडक बत्ति जडानको हकमाा आपूर्तिकर्ता सौर्य सडक बत्तिहरु जडान गरेको प्रमाण पत्रवाला तथा वैकल्पिक उर्जा प्रवद्धर्धन केन्द, ललितपुरमा सूचिकृत भएको लाई मात्र बोलपत्र फाराम उपलब्ध गराईनेछ ।

१५) बोलपत्र पेश गर्नु अघि बोलपत्रदाताले निर्माणस्थल तथा समुदायको बारेमा आवश्यक जानकारी एवं अध्ययन गर्नुपर्नेछ ।

१६) एक बोलपत्र दाताले सं. उ. सा. (JV) वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र फाराम खरीद / पेश गर्न सक्नेछ ।

१७) बोलपत्रका सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयबाट कार्यालय समय भित्र बुझ्न सकिने छ ।

१८) यस सुचनामा नपरेका कुराहरु प्रचलित कानुन एबं सार्बजनिक खरिद ऐन २०६३ , सार्बजनिक खरिद नियमावली, २०६४(मूल नियमावली), सार्वजनिक खरिद (चौथो संशोधन) नियमावली, २०७३ एवं स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार हुने छ ।

तपसिल

| ठे.नं. | कामको विवरण | ल.ई.रकम (भ्याट र कन्टेन्जेन्सी बाहेक ) रु. | जमानत वा विडवण्ड रकम रु. | बेलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| २/२०७३ -०७४ | डकले-टाँटर सडक कालोपत्रे गर्ने कार्य, अ.न.पा.- ८ | ८०,००,०००।५९ | २,२६,०००।०० | ३०००।- | निर्माण ब्यबसायी |
| ३/२०७३ -०७४ | टाँटर-सल्लाघारी सडक कालोपत्रे गर्ने कार्य, अ.न.पा.- ८ | ४३,२९,१६४।०५ | १,२२,५००।०० | ३०००।- | निर्माण ब्यबसायी |
| ४/२०७३ -०७४ | चिम्रीकोट-घटाल-लरडा सडक कालोपत्रे गर्ने कार्य , अ.न.पा.- २ | ४३,४७,९९९।२१ | १,२३,०००।०० | ३०००।- | निर्माण ब्यबसायी |
| ५/२०७३ -०७४ | आईत-हरडी-भलिया-दोगाडा सडक कालोपत्रे गर्ने कार्य , अ.न.पा.- ४ | ४३,२९,१५५।३७ | १,२२,५००।०० | ३०००।- | निर्माण ब्यबसायी |
| ६/२०७३ -०७४ | वडा कार्यालय भवन निर्माण गर्ने कार्य , अ.न.पा.- १, स्याउले | ४३,४७,९०३।४४ | १,२३,०००।०० | ३०००।- | निर्माण ब्यबसायी |
| ७/२०७३ -०७४ | सौर्य सडक बत्ति जडान गर्ने कार्य , अ.न.पा.- ४, ५ र ८ | ३७,४८,८४०।०० | ९९,०००।०० | ३०००।- | आपूर्ति कर्ता |

२०७३।९।२०
कार्यकारी अधिकृत